## नलगाड हाइड्रोपावर कम्पनी लिमिटेड नियमावलीमा भएको संशोधन

| सि.न. | संशोधित तथा थप व्यवस्था |
|---|---|
| १. | **नियम ३५ प्रवन्ध सञ्चालक र कम्पनीको व्यवस्थापन** : हटाइएको । |
| २. | **नियम ३६ उपनियम (१)** समितिले ऐन, कम्पनीको प्रबन्धपत्र र नियमावलीको अधिनमा रही खुला प्रतिस्पर्धाबाट प्रमुख कार्यकारी अधिकृतको नियुक्ति गर्नेछ । समितिले प्रमुख कार्यकारी अधिकृत छनौटको लागि एक कार्यविधि तर्जुमा गरी लागू गर्नेछ । सोही कार्यविधि बमोजिम छनौट भएको व्यक्तिलाई समितिले कम्पनीको प्रमुख कार्यकारी अधिकृतमा नियुक्ति गर्नु पर्नेछ । |
| ३. | **उपनियम (५)** प्रमुख कार्यकारी अधिकृतको योग्यता देहाय बमोजिम हुनेछ :<br>(क) उमेर ४० वर्ष पूरा गरी ६५ वर्ष ननाघेको, तर नियुक्त हुँदा सम्म ६१ वर्ष ननाघेको,<br>(ख) मान्यता प्राप्त विश्वविद्यालयबाट इन्जिनियरिङ्ग विषयमा स्नातकोत्तर गरेको र इन्जिनियरिङ्ग विषयमा स्नातक पछि जलविद्युत क्षेत्रमा कम्तीमा ४ वर्षको कार्य अनुभव र अन्य पूर्वाधार क्षेत्रको कार्य अनुभव गरी १२ वर्षको अनुभव वा स्नातक पछि जलविद्युत क्षेत्रमा कम्तीमा ४ वर्षको कार्य अनुभव, अन्य पूर्वाधार क्षेत्रको कम्तीमा २ वर्षको कार्य अनुभव र मान्यता प्राप्त विश्वविद्यालयवाट सम्बन्धन प्राप्त शैक्षिक संस्थामा सम्बन्धित क्षेत्रमा पूर्णकालिन अध्यापनको अनुभव गरी जम्मा कम्तीमा १२ वर्षको अनुभव भएको ।<br>(ग) भ्रष्ट्राचार, सम्पत्ति शुद्धीकरण वा नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको,<br>(घ) प्रचलित कानून वमोजिम कालो सूचि वा दामासाहीमा समावेश नपरेको,<br>(ङ) व्यक्तिगत वेरुजु वा सरकारी रकम बक्यौता नरहेको र कर चुक्ता प्रमाणपत्र पाएको,<br>(च) आफू वा आफ्नो एकाघरको परिवारको सदस्य विद्युत उत्पादन, प्रसारण, वितरण वा व्यापारमा संलग्न अन्य कुनै कम्पनी वा त्यस्तो कम्पनीको सहायक कम्पनी, फर्म वा संस्थाको संस्थापक शेयर धनी वा सञ्चालक, लेखापरिक्षक वा सल्लाहकारको हैसियतमा संलग्न नरहेको वा त्यस्तो हैसियतबाट अलग भई कम्तीमा १ वर्षको अवधि व्यतित भई सकेको ।<br><u>स्पष्टीकरण</u> : यस उपनियमको प्रयोजनको लागि शेयर धनी भन्नाले सम्बन्धित कम्पनीको कम्तीमा एक प्रतिशत शेयर स्वामित्व रहेको व्यक्ति सम्झनु पर्छ ।<br>(छ) उपनियम (१) बमोजिम योग्यता पुगेको व्यक्तिले अनुसूचि (१) बमोजिम स्वघोषणा गर्नु पर्नेछ ।<br>(ज) शैक्षिक योग्यता, कार्यानुभव र स्वघोषणामा कैफियत देखिएमा समितिले निजलाई पदबाट हटाउनु पर्नेछ । यसरी हटाउनु पूर्व निजलाई सो कुराको सूचना दिई सफाई पेश गर्ने मनासिव माफिकको मौका दिनु पर्नेछ ।<br>(झ) प्रमुख कार्यकारी अधिकृत ६५ वर्षको उमेर सम्म बहाल रहन सक्नेछ । |
| ४. | **नियम ३६ उपनियम (७) निमित्त दिनु पर्ने** : (क) कम्पनीमा प्रमुख कार्यकारी अधिकृतको पद रिक्त भएमा रिक्त भएको मितिले एक वर्ष भित्र पदपूर्ति गरी सक्नु पर्नेछ । सोको लागि पद रिक्त भएको १५ दिन भित्र नियुक्तिको प्रक्रिया सुरु गरिसक्नु पर्नेछ ।<br>(ख) प्रमुख कार्यकारी अधिकृत कुनै कारणले अनुपस्थित भएमा कम्पनीको वरिष्ठ कर्मचारीले निमित्त प्रमुख कार्यकारी अधिकृत भई काम गर्नेछ । निमित्त प्रमुख कार्यकारी अधिकृतको कार्यकाल १५ दिन भन्दा बढि भएमा निजले खाइपाइ आएको सुविधा भन्दा एक तह माथिको सेवा सुविधा पाउनेछ । |

सहायक रजिष्ट्रार